# नेपाल उद्योग परिसंघ कोशी प्रदेश
**(Confederation of Nepalese Industries Koshi Province )**
**बरगाछी बिराटनगर २ नेपाल**

**पत्र संख्या : ५।०८३।८४**

**औद्योगिक प्रतिष्ठानका निजी निवासमा खानतलासी बारे**
**नेपाल उद्योग परिसंघ (CNI) कोशी प्रदेशको**
**<u>प्रेस विज्ञप्ति</u>**
**मिति: २०८३/०४/१८ गते**

**अदरणिय पत्रकार तथा मिडियाकर्मी** ,

आज बिहान विराटनगरस्थित प्रतिष्ठित समाजसेवी तथा औद्योगिक घराना देवनरा ग्रुपको निजी निवास तथा कार्यालयमा नेपाल प्रहरीले ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी करिब साढे पाँच घण्टासम्म सञ्चालन गरेको खानतलासीप्रति नेपाल उद्योग परिसंघ (CNI) कोशी प्रदेश गम्भीर आपत्ति, चिन्ता तथा निम्न बिषयमा ध्यानाकर्षण गर्दछौ ।

उक्त औद्योगिक प्रतिष्ठानका सदस्यहरु मध्ये निर्देशक प्रकाश मुण्दडा यस परिसंघका वरिष्ठ उपाध्यक्ष रहनुका साथै सफल उद्योगी, लगानीकर्ता तथा प्रतिष्ठित समाजसेवी हुनुहुन्छ। उहाको नेतृत्वमा करिब आधा दर्जन उद्योगहरुमा हजारौ मजदुर कामदारले रोजगार पाउनुका साथै उत्पादन र निकाशी जन्य उद्योग संचालन गरि राज्यको राजश्वमा महत्वपुर्ण योगदान गरिरहनु भएका असल र सफल लगानी कर्ता उद्योगीका रुपमा परिचित रहनु भएको छ ।

कुनै पनि नागरिक वा संस्थामाथि कानुन बमोजिम अनुसन्धान गर्ने अधिकार राज्यसँग रहे पनि त्यस्तो अधिकारको प्रयोग गर्दा नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक, गोपनियताको अधिकार, मानव मर्यादा र सम्मानको पूर्ण संरक्षण हुनु अनिवार्य छ।

बिहान उज्यालो नहुँदै निजी निवासलाई चारैतिरबाट घेराबन्दी गरी ठूलो संख्यामा प्रहरी परिचालन गर्नु, परिवारका सदस्य तथा ज्येष्ठ नागरिकलाई लामो समयसम्म मानसिक दबाबमा राख्नु र करिब साढे पाँच घण्टासम्म खानतलासी सञ्चालन गर्नु जस्ता घटनाले सम्बन्धित परिवारको मात्र होइन, सम्पूर्ण उद्योग–व्यवसायी समुदायको मनोबलमा गम्भीर असर परेको छ। यदि यस्तो प्रकृतिको कारबाही अपरिहार्य थियो भने त्यसको कानुनी आधार, आवश्यकता र उद्देश्यबारे राज्यले पारदर्शी रूपमा सार्वजनिक रूपमा स्पष्ट गर्नुपर्छ भन्ने हाम्रो दृढ धारणा छ।

आज उक्त उद्योगीको नीजी निवासमा भएको खानतलासी कुन कानुनी आधार, कुन सूचना वा कुन आवश्यकताका आधारमा गरिएको हो भन्ने विषयमा आधिकारिक जानकारी सार्वजनिक गरियोस्। साथैकरिब साढे पाँच घण्टाको खोजतलासबाट के प्राप्त भयो भन्ने विषयमा कानुनसम्मत सीमाभित्र आवश्यक जानकारी सबै नागरिक ले बुझ्नेगरी दिइयोस्।

यतिबेला मुलुक आर्थिक मन्दी, लगानीमा आएको संकुचन, उत्पादनमा गिरावट, रोजगारी संकट तथा निजी क्षेत्रको घट्दो मनोबलजस्ता गम्भीर चुनौतीसँग जुधिरहेको छ। यस्तो संवेदनशील अवस्थामा उद्योगी–व्यवसायीलाई त्रसित, सशंकित वा असुरक्षित महसुस गराउने शैलीका गतिविधिले लगानी वातावरणलाई थप कमजोर बनाउने, स्वदेशी तथा विदेशी लगानी निरुत्साहित गर्ने र उद्योग–व्यवसायको पलायनलाई समेत प्रोत्साहन गर्ने जोखिम बढाउँने निश्चीत छ।

नेपाल उद्योग परिसंघ (CNI) कोशी प्रदेश विधिको शासन, निष्पक्ष अनुसन्धान र न्यायिक प्रक्रियाप्रति पूर्ण प्रतिबद्ध रहेको पुनः स्पष्ट गर्दछ। तर कानुन कार्यान्वयनका नाममा निर्दोष नागरिक, उद्योगी–व्यवसायी वा लगानीकर्ताको सम्मान, प्रतिष्ठा र मनोबलमा अनावश्यक क्षति पुग्ने कुनै पनि कार्य लोकतान्त्रिक मूल्य, संवैधानिक भावना र लगानीमैत्री वातावरणको मर्मअनुकूल हुन सक्दैन भन्ने हाम्रो प्रष्ट मान्यता रहेको छ ।

सरकारले निजी क्षेत्रलाई यसरी त्रसित आतंकीत बनाउने हैन राष्ट्र निर्माणको साझेदारका रूपमा सम्मान गर्दै उद्योग, व्यवसाय र लगानीप्रति विश्वास जगाउने वातावरण सिर्जना गर्नु पर्दछ भन्ने हाम्रो जोडदार आग्रह छ। अन्यथा यस्ता घटनाबाट सिर्जना हुने असुरक्षा, अन्योल र अविश्वासले मुलुकको समग्र आर्थिक विकास र लगानी वातावरणमा दीर्घकालीन नकारात्मक प्रभाव पार्नेछ र यसको सबै जीम्मेवार सरकारको हुने समेत प्रष्ट गर्दछौ ।

CONFEDERATION OF NEPALESE INDUSTRIES CNI Koshi Province

पवन कुमार सारडा
अध्यक्ष
नेपाल उद्योग परिसंघ (CNI) कोशी प्रदेश